**नीति जेएलसि - विद्यार्थी स्वास्थ्य सेवा र आवश्यकताहरू**

**गैर-आकस्मिक स्याहारमा सिफारिस**

१. निजी फिजिसियन वा क्लिनिकमा

आफ्ना बच्चाहरूको स्याहार गर्न अभिभावकहरू नै जिम्मेवार छन्। यदि अभिभावकले फिजिसियनको नाम अनुरोध गरेको खण्डमा उसलाई डेनभर चिकित्सा सिफारिस केन्द्रमा विद्यालय नर्स वा फिजिसियनद्वारा सिफारिस गर्न सकिनेछ। कुनै पनि विद्यालय कर्मचारीले परिवारलाई कुनै व्यक्तिगत फिजिसियनकहाँ सिफारिस गर्न पाउनेछैन।

२. नर्सिङ सेवामा

प्रिन्सिपलहरू, शिक्षकहरू, विशेष शिक्षा स्टाफहरू वा अन्यलाई केही विद्यार्थीका बारेमा अतिरिक्त स्वास्थ्य जानकारी आवश्यक हुनसक्छ र सो भएमा उनीहरूले स्वास्थ्य सेवा पर्सोनेलसँग सहयोगका लागि सम्पर्क गर्नु पर्नेछ। कुनै पनि विद्यार्थीको स्वास्थ्य जानकारी दिने वा लिने उद्देश्यका लागि विद्यालय नर्सले निजी फिजिसियनहरू र क्लिनिकहरूसँग सबै सम्पर्कहरू गर्नेछन्।

**विद्यार्थीहरूको स्वास्थ्य जानकारी**

१. स्वास्थ्य जानकारीको लागि अनुरोध

निजी फिजिसियन, अस्पताल वा क्लिनिकहरूबाट विद्यार्थीहरूको स्वास्थ्य जानकारी लिने जिम्मेवारी नर्सिङ सेवाको हो। सही गरिएको अभिभावक अनुमति पर्चा विद्यालयमा फिजिसियनहरूको कानुनी संरक्षणका लागि प्राप्त गर्न सकिनेछ।

२. स्वास्थ्य जानकारीको सञ्चार

नर्सिङ सेवाहरूमा पठाइएको प्रत्येक स्वास्थ्य प्रतिवेदन समीक्षा गरिनेछ र विद्यालय नर्ससँग साझा गरिनेछ जसले सो जानकारी अनुरोध गर्ने प्रिन्सिपल वा शिक्षकलाई दिनेछन्।

३. विद्यालमा स्वास्थ्य जानकारीको प्राप्ति

यदि स्वास्थ्य प्रतिवेदन विद्यालयमा प्राप्त भए, सो विद्यालय नर्सलाई दिनुपर्नेछ। यदि अतिरिक्त सहायता वा व्याख्या चाहिएमा नर्सिङ सेवालाई सम्पर्क गर्नुपर्नेछ।

४. स्वास्थ्य जानकारीको रिलिज (खुलासा)

विद्यार्थीको स्वास्थ्य जानकारीका लागि फिजिसियन, अस्पताल वा क्लिनिकहरूबाट लिखित अनुरोध आउँछ भने सो जानकारी उपलब्ध गराउन अभिभावकको अनुमति आवश्यक हुनसक्छ। अनुरोध कर्ताहरूले सही गरिएका अनुमति पर्चाहरू लिनेछन्।

फिजिसियन, अस्पताल र क्लिनिकहरूबाट फोनमा अनुरोध गरिँदा जानकारी उपलब्ध गराउनुभन्दा पहिला फोन गर्ने व्यक्तिको पहिचान सुनिश्चित गरिनुपर्दछ। टेलिफोनको प्रामाणिकता जाँच्नका लागि सो नम्बरमा फिर्ता फोन गर्नुपर्नेछ। सोधिएको जानकारीको प्रकार अनुसार अभिभावकको अनुमति आवश्यक हुनसक्छ।

**वार्षिक स्क्रिनिङ कार्यक्रम**

परीक्षणका लागि सिफारिस गरिएका किन्डरगार्टन, प्रथम, द्वितीय, त्रितीय, पाँचौं, सातौं, नवौं ग्रेडका विद्यार्थीहरू वा तुलना गर्न योग्य उमेरका विद्यार्थीहरूलाई विद्यालय वर्षभरीमा विद्यालय नर्स, शिक्षक, प्रिन्सिपल वा अन्य कुनै विद्यालय डिस्ट्रिक्टद्वारा कानुनी आवश्यकता अनुसार अनुमोदित व्यक्तिद्वारा परीक्षण गरिनेछ।

कमि देखिएका खण्डमा आमाबाबु वा अभिभावकलाई जानकारी दिइनेछ।

यो प्रावधान त्यो विद्यार्थीलाई लागू हुने छैन जसका आमाबाबु वा अभिभावकले धार्मिक वा व्यक्तिगत कारणले परीक्षणप्रति आपत्ति जनाएका छन् ।

**दन्त स्याहार क्लिनिक**

डेनभर पब्लिक स्कूलले किड्स इन निड अफ डेन्टिस्ट्री (केआइएनडि) को सहकारी कार्यक्रममा भाग लिएर अन्य कुनै दन्त स्रोत नभएका विद्यार्थीहरूलाई दन्त स्याहार प्रदान गर्नेछ ।

१. यस सुविधाको व्यवस्थापन र कार्यान्यवयन केआइएनडिको जिम्मेवारी हुनेछ ।

२. डेनभर पब्लिक स्कूलले भौतिक सुविधा र आपूर्तिमात्र गर्नेछ । विद्यालय डिस्ट्रिक्टको सहभागिता माथि नोट गरिए अनुसार सीमित हुनेछ । डिस्ट्रिक्टले दन्त स्याहार गर्ने एजेन्सीको पर्सोनेल वा नीतिगत निर्णयको जिम्मेवारी बहन गर्नेछैन ।

३. डेनभर पब्लिक स्कूल कुनै व्यावसायिक दायित्व अस्वीकार गर्दछ ।

केही भागहरू स्वीकृत जनवरी, ५, १९५९ फेब्रुअरी २१, १९६४ र जनवरी १९, १९७३
अभ्याससँग सदृश हुनका लागि परिमार्जित : निर्देशिका स्वीकृति गरिएको मिति

कानुनी सन्दर्भ : सि.आर.एस. १८–६–१०१
सि.आर.एस.२२–१–११६
सि.आर.एस. २२–३२–११०(१)(बिबि)
सि.आर.एस. २२–३३–१०६(२)
सि.आर.एस. २५–४–९०१ *र तपसिल*
सि.आर.एस. २५–६–१०२
फाइल : जेएलसि

क्रस सन्दर्भ : जेइसि, विद्यार्थी भर्ना/विद्यालयबाट फिर्ता
जेएचडि, विद्यालय उपस्थितिबाट छुट र बहिस्कार
जेएलसिबि, विद्यार्थीहरूको खोप
जेएलसिसि, सरूवा/सङ्क्रामक रोगहरू
जेएलसिसिए, एचआइभि/एड्स भएका विद्यार्थीहरू
जेएलसिडि, विद्यार्थीहरूलाई औषधि वितरण
जेआरए/जेआरसि, विद्यार्थी अभिलेख/विद्यार्थीको जानकारी रिलिज